मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं:- ०४८-५४०११२

पत्र संख्या :– २०८३/०८४
चलानी नं:–

राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन कार्यको लागि शिलवन्दी प्रस्ताव आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/१६)

यस मन्थली नगरपालिकाको कार्यालयबाट चालु आर्थिक बर्ष २०८३/०८४ मा प्रकाशित हुने सार्वजनिक खरिद तथा बोलपत्र आह्वान गर्दा प्रकाशित गरिने सूचनाहरु न्युनतम दररेटमा क बर्गको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्ने भएकोले सो कार्य गर्न अनुमती प्राप्त इच्छुक फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरुले सूचना प्रकासनको स्विकृत दररेटमा छुट सहितको दररेट संलग्न गरि सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र आवश्यक कागजपत्र समेत संलग्न गरि शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः

१. प्रस्ताव फारम दस्तुर रु. १०००/- अक्षरेपी रु एक हजार मात्र पछि फिर्ता नहुने राष्ट्रिय वाणिज्य बैंक मन्थलीमा रहेको आन्तरिक राजश्व खाता नं १६८०१००३०१०१०००२ मा जम्मा गरि वा मन्थली नगरपालिकाको राजश्व शाखामा जम्मा गरि सूचना प्रकाशन भएको मितिको अन्तिम दिन कार्यालय समयभित्र मन्थली नगर कार्यपालिकाको कार्यालय मन्थलीमा निवेदन पेश गरि वा कार्यालयको वेवसाइट बाट फर्म डाउनलोड गरि प्रस्ताव पेश गर्न सकिनेछ

२. सूचना प्रकाशित भएको मितिले ७ दिनको कार्यालय समय भित्र दरभाउपत्रमा उल्लेखित राष्ट्रिय दैनिक पत्रिकामा के कति छुटमा सूचना प्रकाशन गर्न सकिने हो सो उल्लेख गरि शिलबन्दी प्रस्ताव पत्र पेश गर्नुपर्नेछ ।

३. प्रस्ताव पत्र पेश गर्दा चालु आ.व. को नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र , आयकर दर्ता तथा मु.अ.कर. दर्ता प्रमाणपत्र तथा विज्ञापन बोर्डमा दर्ता नविकरण भएको प्रतिलिपि समेतको प्रमाणित प्रतिलिपी संलग्न गरी प्रस्ताव पत्र पेश गर्नुपर्नेछ ।

४. प्रस्तावमा उल्लेखित राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकासित हुने सूचना प्रती सि.सि. बढि छुटमा प्रकासित गर्ने फर्म कम्पनी तथा विज्ञापन एजेन्सीको प्रस्ताव छनौट गरिने छ ।

५. प्रत्येक राष्ट्रिय पत्रीकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि. रकम छुट सहित भिन्दा भिन्दै उल्लेख गरी शिलवन्दी प्रस्ताव दर्ता गर्नुपर्ने छ।

६. सिलबन्दी प्रस्ताव पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्काको नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको प्रस्ताव मान्य हुने छैन।

७. रितपुर्वक दर्ता भएका प्रस्तावहरु सूचना प्रकाशन भएको मितिले ८ औं दिन दिनको २:०० बजे प्रस्तावक वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिने छ। प्रस्तावक वा निजको प्रतिनिधी उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।प्रस्ताव दर्ता तथा प्रस्ताव खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

८. प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. प्रस्तावपत्रको प्रत्येक पानामा प्रस्तावकको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ।

१०. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) तथा प्रचलित नेपालको कानुन अनुसार हुनेछ ।

११. विस्तृत जानकारीको लागि मन्थली नगरपालिकाको कार्यालय र कार्यालयको वेवसाइट **www.manthalimun.gov.np** बाट थप जानकारी प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत